मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012, 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस १४ गते सोमबार ❑ 29 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखराको पर्यटनका लागि 'सडक र हवाई कनेक्टिभिटी' महत्वपूर्णः मन्त्री घिसिङ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ पुस



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पर्यटकीय राजधानी पोखराको पर्यटन विकासका लागि अन्य देशसँगको सडक र हवाई कनेक्टिभिटी महत्वपूर्ण रहेको बताउनुभएको छ।

रेष्टुरेण्ट एण्ड बार एशोसिएशन नेपाल (रेवान) पोखराको आयोजनामा फेवाताल किनारमा आइतबारदेखि सुरु भएको २७औं संस्करणको पोखरा सडक महोत्सवको उद्घाटन गर्दै मन्त्री घिसिङले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान गर्न सरकारले प्राथमिकता दिएको बताउनुभयो।

"पोखराको विकासका लागि चीनको कोरला नाकासम्मको सडक सञ्जाल र पोखरा विमानस्थलबाट अन्तरराष्ट्रिय उडान हुनु आवश्यक छ । एयर कनेन्टिभिटीलाई सरकारले प्राथमिकता दिएको छ। यो जियोपोलिटिक्स कुरासमेत हो । अब आउने सरकारले यस विषयलाई प्राथमिकतामा राखेर समाधान गर्नुपर्छ । पर्यटकीय सहरमा एयरपोर्ट सञ्चालन गर्दा यहाँको पर्यटनलाई ठूलो मद्दत पुग्छ", मन्त्री घिसिङले भन्नुभयो।

पोखरादेखि मुस्ताङस्थित चीनको कोरला नाकासम्म सडक सुधार र कालोपत्र गर्ने काम भइरहेकाले आगामी दिनमा यहाँको पर्यटन विकास तथा चीनसँगको व्यापारमा योगदान पुग्ने उहाँले बताउनुभयो। मुस्ताङबाट कोरलासम्म ५० किमी सडक कालोपत्र गर्न अर्थमन्त्रालयसँगको सहमतिमा टेण्डर प्रक्रिया अघि बढाइएको मन्त्री घिसिङले जानकारी दिनुभयो।

मन्त्री घिसिङले पोखराका कुँडहरदेखि लेकसाइडसम्मको सडकको विद्युत्को तार भूमिगत गर्ने काम भइरहेको बताउनुभयो। उहाँले पोल र तार हटाएर सुन्दर पोखरा अभियान बनाउन सरकार लागिपरेको उल्लेख गर्नुभयो। पर्यटनको हब पोखरामा पर्यटकीय पूर्वाधारका लागि धेरै काम गर्नुपर्ने भए पनि सङ्घीय सरकारले अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल र मनाङका पर्यटकीयस्थलसम्म ग्रिड कनेक्टिभिटीका क्षेत्रमा काम गरेको मन्त्री घिसिङको भनाइ थियो । फेवाताल, रुपाताल र बेगनास तालको संरक्षण तथा सम्वर्द्धनका लागि प्रदेश र स्थानीय सरकारसँग मिलेर काम गर्ने योजना रहेको उहाँले बताउनुभयो । गण्डकी प्रदेशका पर्यटन मन्त्री मित्रलाल बस्यालले पर्यटन विकासका लागि प्रदेश सरकारले घरवास कार्यक्रम, पर्यटकीय पूर्वाधार निर्माण र गन्तव्यहरूको प्रवर्द्धन गर्न काम गरिरहेको बताउनुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडान नियमित बनाउनका लागि पहल गर्न मन्त्री घिसिङसँग आग्रह गर्नुभयो । अङ्ग्रेजी नयाँ वर्ष २०२६ को स्वागतार्थ फेवाताल किनार लेकसाइडको खहरेदेखि अम्बोटसम्मको साढे तीन किमी क्षेत्रमा यही पुस १७ गतेसम्म महोत्सव सञ्चालन हुनेछ ।

महोत्सवबाट गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछिको विषम परिस्थिति र सङ्कटका बाबजुद दिगो पर्यटनको परिकल्पनालाई सार्थक बनाउँदै अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने विश्वास लिइएको रेवानका अध्यक्ष विश्वराज पौडेलले बताउनुभयो।

हरेक सङ्कटपछि सुस्ताएको पर्यटन व्यवसायलाई पुनरुत्थान गर्न र 'पोखरा सुरक्षित तथा खुला छ' भन्ने सन्देश प्रवाह गर्न महोत्सव फलदायी हुने आयोजकको विश्वास छ।

महोत्सवमा मुख्य आकर्षणको रूपमा विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक कार्यक्रम, मौलिक वेषभूषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, सडकमै राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिकारको प्रदर्शनलगायत रहेका महोत्सवका संयोजक वसन्त गौतमले बताउनुभयो।

## निर्वाचन तोकिएकै मितिमा हुने गरी हामी तयारी गरेका छौं : मन्त्री खरेल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ पुस



नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले देशमा आर्थिक विकास र समृद्धि हासिल गरी शुसासन तथा भ्रष्टचार नियन्त्रणको लागि आउँदो फागुन २१ गते निर्वाचन हुनैपर्ने बताउनु भयो।

संचार तथा सूचना प्रविधि मन्त्रालयले आइतबार पोखरामा आयोजना गरेको आमसञ्चारलाई व्यवसायिक बनाउन यस क्षेत्रमा विकसित अवधारणा सम्बन्धि अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै मन्त्री खरेलले जेनजी आन्दोलनको जगमा स्थापना भएको सरकारले आगामी फागुन २१ गते निर्वाचन गरी नयाँ सरकारलाई हस्तान्तरण गर्ने गरी अघि बढेको दाबी गर्नुभयो।

देश चुनावको माहोलमा गइसकेको उल्लेख गर्दै उहाँले अब सबै दलहरु चुनावमा गइसकेको जनाउदै प्रधानमन्त्री सुशीला कार्की नेतृत्वमा देशका शीर्षस्थ तीन नेताका निवासमै पुगेर समेत वार्ता र छलफल गरेको जनाउनु भयो। देशका मुख्य तीन दलका शीर्षस्थ नेतासँग भेटघाट गरी सरकारले चुनावमा जानको लागि आह्वान गरेको र उहाँहरु सहमति जनाएको उहाँको भनाई थियो । "केही राजनीतिक दलहरूले भने समानुपातिकको बन्द सूचीको नाम तयार गर्दैछन् यो खुसीको कुरा हो।"उहाँले भन्नुभयो । सरकारले पछिल्लो रूपमा आएका सञ्चार माध्यमहरू अनलाइन र युट्युबलाई पनि अब नियमन गर्दै आवश्यक सहयोग गर्ने वचनबद्धता व्यक्त गर्नुभयो। नेपालमा व्यक्तिपिक्षका मिडिया सञ्चालन गरेर व्यावसायिकता हुन नसक्ने दाबी गर्दै उहाँले कम्तीमा पनि दुईजना पत्रकार बराबर एउटा मिडिया सञ्चालन गर्न सके नेपालका राम्रै डाक्टरले गर्ने आम्दानी भन्दा बढी आम्दानी गर्न सकिने जिकिर गर्नुभयो । स्थानीय स्तरका सूचना र विभिन्न विज्ञापनहरु स्थानीय संचार माध्यमहरूलाई उच्च प्राथमिकताका साथ वितरण गर्न उहाँले निर्देशन समेत दिनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेले नेपाली पत्रकारितामा राजनीतिलाई आवश्यकता भन्दा बढी प्राथमिकता दिएको हुँदा पछिल्लो क्रममा धेरै व्यक्तिहरु राजनीतिमा आउन थालेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो "राजनीति गर्नेले राजनीति नै गर्ने हो अन्यले आ–आफ्नो काम जिम्मेवारपूर्ण गर्नुपर्छ।" कास्कीका प्रमुख जिल्ला अधिकारी रूद्रादेवि शर्माले व्यावसायिक पत्रारिता हुन सके मात्र नागरिक स्वतन्त्रता हुन सक्ने जनाउदै आवाज बिहिनको आवाज बुलन्द हुने बताउनु भयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले मिडियाको अवस्था धारासाही बन्दै गएकोले यसको बचाउन सरकारले प्रष्ट नीति ल्याउन माग गर्नु भएको भयो।

महासंघ कास्कीका अध्यक्ष माधव बरालले मल्टिमिडिया सम्बन्धि तालिम आवश्यक भएको बताउनु भयो । मन्त्रालयका सहसचिव उदयराज रानामगरले अनलाइन सञ्चार माध्यमहरूलाई अध्यावधिक गरेर सरकारले आवश्यक सहयोग गर्ने तयारी भएको बताउनु भयो । मन्त्रालयका उपसचिव रविन्द्र प्रसाद पौड्याल, विज्ञापन बोर्डका लक्ष्मण हुमागाई, गण्डकी प्रेस रजिष्टार विमला भण्डारी लगायतले आमसञ्चार माध्यमको बिषयमा चर्चा गर्दै समानुपातिक बिज्ञापन र अब यसको नियमन हुने जनाउनु भयो।

## रास्वपा र प्रमुख शाहबीच राजनीतिक सहमति

**रासस**
काठमाडौं, १३ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहबीच विभिन्न विषयमा सात बुँदे सहमति भएको छ।

प्रमुख शाहले सामाजिक सञ्जालमार्फत सहमतिमा हस्ताक्षर गर्दै गरेको तस्बिर सार्वजनिक गर्दै शुभप्रभात लेख्नुभएको छ । उहाँहरूबीच आज बिहान सहमति भएको हो। सहमतिमा सभापति लामिछाने र प्रमुख शाहले हस्ताक्षर गर्नुभएको छ । सार्वजनिक विवरणअनुसार नवयुवाले भ्रष्टाचार र कुशासनविरुद्ध गरेको आन्दोलनको अपनत्व लिई घाइते तथा सहिद परिवारका मागको यथोचित सम्बोधन गर्ने सहमतिमा उल्लेख छ।

यस्तै पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने सहमति भएको छ।

त्यसैगरी, सहमतिपछि स्थापित हुने राजनीतिक दल, चुनाव चिह्न र पार्टी कार्यालय नाम राष्ट्रिय स्वतन्त्र पार्टीको नै हुनेछ।

पार्टीको सङ्गठनात्मक संरचनामा युवालाई सहभागी गराउनेलगायतका विषय समावेश गरिएका छन्।

## गोरखाको हुलाक कार्यालय देशकै सर्वोत्कृष्ट

**पोखरापत्र संवाददाता**
गोरखा, १३ पुस

प्रविधिमैत्री, पारदर्शी, विश्वासनीय तथा द्रुत सेवा सञ्चालनमा अग्रणी स्थान हाँसिल गर्दै गोरखा जिल्ला हुलाक कार्यालय देशकै उत्कृष्ट बन्न सफल भएको छ।

हुलाक विभागद्वारा लागु गरिएका विभिन्न मापदण्ड सबैभन्दा पहिले पूरा गरी जिल्ला हुलाक कार्यालय गोरखा सर्वोत्कृष्ट बन्न सफल भएको हो । यहाँको हुलाक कार्यालयले जिल्लाका सबै कर्मचारीलाई कम्प्युटर, इन्टरनेट तथा सवारी चालक प्रशिक्षण दिएर आधुनिक 'प्रविधिमा पोख्त' बनाउन सफल भएको छ। जिल्ला हुलाक र पालिका हुलाक कार्यालयमा गरी जिल्लामा ६५ जना हुलाक कर्मचारी हुनुहुन्छ।

कार्यालय प्रमुख विनोद गैरे भन्नुहुन्छ, "६५ जनामध्ये ५० वर्षभन्दा कम उमेरका सबैलाई कम्प्युटर, इन्टरनेट तालिम र मोटरसाइकल तथा स्कुटर ड्राइभिङ तालिम दिएर प्रविधिमैत्री बनाइसक्यौं । ५० बर्षभन्दा बढी उमेरका इच्छुकलाई तालिम दिएर दक्ष बनाएका छौं ।" हाम्रा सबै कर्मचारीहरूले आफूले गरेको काम अनलाइनमा अपलोड गर्न सक्नुहुन्छ । विगत दुई वर्षदेखि सुरु गरेको कम्प्युटर, इन्टरनेट तथा सवारी चालक प्रशिक्षण तालिम


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मुलुकमा निर्वाचनको वातावरण बनेको छः सञ्चारमन्त्री खरेल


**रासस**
काठमाडौं, १३ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पछिल्लो समय सबै राजनीतिक दल निर्वाचनमा होमिएकाले मुलुकमा निर्वाचनको वातावरण बनेको बताउनुभएको छ।

नेपाल टेलिकम गण्डकी प्रदेश कार्यालयले आइतबार यहाँ आयोजना गरेको स्वागत कार्यक्रममा मन्त्री खरेलले राजनीतिक दल निर्वाचनका लागि तयार रहेको उल्लेख गर्दै देशलाई स्थायित्व दिन समयमै निर्वाचन हुनु अपरिहार्य भएको बताउनुभयो।

"यतिबेला मुलुक परिवर्तनको मोडमा छ, मुलुकलाई नयाँ ऊर्जाका साथ समुन्नतिको दिशामा अगाडि बढाउनुपर्छ, जेनजीको भावनाअनुरुप मुलुक र समाज परिवर्तन गर्नु अहिलेको आवश्यकता हो", उहाँले भन्नुभयो। उहाँले दलका नेताको दासका रुपमा नभइ विचारका आधारमा नेतृत्व छान्न पनि आग्रह गर्नुभयो।

"नयाँ राजनीतिक दलहरु मिल्दै छन्, पुराना दलहरु पनि अब गठबन्धन गर्न सक्छन्, यसले मुलुकमा निर्वाचनको वातावरण बनेको छ, म यहाँबाट चुनावका सन्दर्भमा द्विविधा नराख्न आग्रह गर्दछु, मुलुक चुनावका लागि अगाडि बढिसकेको छ", उहाँले भन्नुभयो । त्यस अवसरमा मन्त्री खरेलले टेलिकम क्षेत्रमा नीतिगत सुधार जरुरी रहेको बताउनुभयो । संस्थाको सर्वोपरी हितलाई ध्यानमा राख्दै टेलिकमलाई अझ व्यावसायिक, प्रतिष्पर्धी र युग सुहाउँदो बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । कर्मचारीको वृत्तिविकास र सेवाप्रवाहलाई प्रभावकारी बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उहाँले टेलिकमको गरिमा उँचो बनाउने गरी काम गर्न निर्देशन दिनुभयो।

# कविशिरोमणि जन्मजयन्तीका त्रिदिवसीय कार्यक्रम सुरु

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

कविशिरोमणि जन्मजयन्तीका त्रिदिवसीय कार्यक्रम आइतबारदेखि सुरु भएका छन् ।

कविशिरोमणि लेखनाथ पौड्यालको १४२ औं जन्मजयन्ती त्रिदिवसीय रुपमा विभिन्न कार्यक्रमहरु सहित सम्पन्न गर्ने लक्ष्य राखिएकोमा आइतबार लेखनाथ काव्य परिचर्चा, खुल्ला कविता प्रतियोगिता तथा विद्यालयस्तरीय स्थलगत कविता लेखन तथा वाचन प्रतियोगिता सम्पन्न भएका हुन् । लेखनाथ लायन्स क्लबका अध्यक्ष लायन बोधराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालले कार्यक्रममा स्वागत गर्दै लेखनाथका कविता सुनाए ।



प्रमुख आमन्त्रित व्यक्तित्व नेपाल सगीत तथा नाट्य प्रतिष्ठानका पूर्व कुलपति साहित्यकार सरुभक्तले कवि लेखनाथका काव्य परिचर्चा गरेका थिए । कार्यक्रममा लेखनाथका काव्यमा अद्वैत बेदान्त दर्शन शीर्षकमा विद्यावारिधी गरेका डाक्टर बोधराज ढकाल ,संस्कृत क्याम्पस पोखराका पूर्व क्याम्पस प्रमुख डाक्टर जगन्नाथ रेग्मी, साहित्यकार नारायण मरासिनी लगायतले लेखनाथका काव्यका चर्चा गरेका थिए । त्रिदिवसीय कार्यक्रम अन्तर्गत पौष १४ गते कविशिरोमणि जन्मस्थल सरसफाइ, पौष १५ गते अर्चलेमा मूल समारोह हुनेछ। कार्यक्रमको लेखनाथ उद्योग बाणिज्य संघ ,लेखनाथ पत्रकार मञ्च ,लेखनाथ लायन्स आमा समूहहरू, युवा क्लब, बेगनास ताल बस संचालक समिति सह-आयोजक रहेका छन् । विद्यालयस्तरीय स्थलगत कविता लेखन तथा वाचन प्रतियोगितामा लक्ष्मी आदर्शकी मनिषा खनाल प्रथम, रिलायन्स पब्लिककी निष्ठा भट्राई द्वितीय, लिटल फ्लावरकी सुदिक्षा पौडेल र जेसिएकी सुरक्षा बरालले तृतीय स्थान हाँसिल गरेका थिए ।

यसैगरी राष्ट्रव्यापी खुल्ला कविता प्रतियोगितामा छन्दतर्फ रामलाल कुमाल प्रथम, प्रेमनारायण ढकाल द्वितीय,श्रीधर पाण्डेय र कृष्णप्रसाद पौडेलले तृतीय स्थान हाँसिल गरेका थिए। गद्यतर्फ केनिका गिरी प्रथम, उमाकान्त पोखरेल द्वितीय र सुदिना पौडेलले तृतीय स्थान हाँसिल गरेका थिए। लेखनाथका विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुले शुभकामना मन्तव्य समेत राखेका थिए ।

# पोखरा ओपन तथा भेट्रान्स टेनिसमा विभिन्न प्रतिस्पर्धा जारी

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी २२ औं माछापुच्छे कप पोखरा ओपन तथा भेट्रान्स अन्तर्राष्ट्रिय टेनिस प्रतियोगितामा आइतबार विभिन्न समुहमा प्रतिस्पर्धा भएका छन् ।



आइतबार भएको मेन्स ओपनतर्फ नेहाल जंग बहादुर थापाले जेयुन किमलाई ६-०, ६-० ले, राजबिर प्रधानले सोमज श्रेष्ठलाई ६-०, ६-० ले, उगेन शेर्पाले प्रकाश गुरुङलाई ६-०, ६-३ ले, प्रितम परियारले सुरेन्द्र विकलाई ६-३, ६-४ ले, आयुषमान हजुर घलेले सन्दिप विकलाई ६-३, ६-१ ले, दर्शिल श्रेष्ठले आसव सम्राट हाडालाई ७-५, ६-१ ले, करणबहादुर थापाले निशान श्रेष्ठलाई ७-५, ६-१ ले तथा प्रदीप खड्काले विकेक मगरलाई ६-१, ६-० ले पराजित गरे । ३५ वर्ष माथिको मेन्स सिंगलमा विकास खड्काले सम्दुक लामालाई ६-४, ६-० ले, पेमा नोर्गुले सिमान्त गुरुङलाई ६-४, ६-१ ले, जितेन्द्र परियारले मनोक के.श्रेष्ठलाई ६-१, ६-० ले, अनिल शाहीले सन्जय श्रेष्ठलाई ६-१, ६-२ ले, भिष्म गुरुङले दावा शेर्पालाई ६-४, ६-२ ले, सोम रानाले अनिल सेन्चुरीलाई ६-४, ६-२ ले पराजित गरेका छन् । ४५ वर्ष माथिको एकलमा कमल भण्डारीले अमृत गुरुङलाई वाकओभरमा, देव क्षेत्रीले मानबहादुर कटुवाललाई ६-१, ६-३ ले, रोहित सुनुवारले निरज थापालाई ६-१, ६-१ ले पराजित गरे । ५५ वर्ष माथि चन्द्र शाहीले महेन्द्र थापालाई ६-२, ६-१ ले पराजित गरेका छन् । ६५ वर्ष माथिको एकलमा कमल थापाले बिदुर विष्टलाई ४-१, ४-१ को सेटमा तथा पदम गुरुङले ध्रुव गुरुङलाई ५-४, ४-१ ले पराजित गरेका छन् । ३५ वर्षको मेन्स डबलतर्फ कुमार अधिकारी र जितेन्द्र परियारको जोडीले सञ्जय श्रेष्ठ र विकास खड्काको जोडीलाई ६-०, ६-१ ले, सिमान्त गुरुङ र अनिल शाहीको जोडीले दावा शेर्पा र गगन महर्जनको जोडीलाई ६-३, ६-२ ले पराजित गरेका छन् ।

# मुस्ताङमा चार हजारभन्दा बढीको आँखा परीक्षण

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ पुस

जिल्लाका पाँच पालिकामा चार हजारभन्दा बढीको आँखा परीक्षण गरिएको छ ।

नेपाल आँखा कार्यक्रमअन्तर्गत तिलगङ्गा आँखा प्रतिष्ठान केन्द्रको शाखा मुस्ताङ सामुदायिक आँखा केन्द्र जोमसोमले सन् २०२५ को जनवरीदेखि डिसेम्बरसम्म चार हजार २१० जनाको आँखा परीक्षण गरेको हो । सन् २००९ देखि सामुदायिक आँखा केन्द्रले यहाँ आँखासम्बन्धी सेवा प्रवाह दिँदै आएको छ। आज यहाँको प्रादेशिक अस्पताल जोमसोममा आयोजित केन्द्रको वार्षिक कार्यप्रगति समीक्षा तथा वार्षिक लेखापरीक्षण समीक्षा बैठकमा केन्द्र प्रमुख एवं नेत्र अधिकृत रमिला नेपालीले कार्यप्रगतिबारे जानकारी दिनुभयो । उहाँले स्थापनाकालदेखि १६ वर्षको अवधिमा जिल्लामा १८ हजारभन्दा बढीको आँखा परीक्षण र ५३५ जनाको मोतिविन्दुको शल्यक्रिया गरिएको जानकारी दिनुभयो ।

नेत्र अधिकृत नेपालीले भन्नुभयो,“हामीले स्थानीय नागरिकलाई चौबिसै घण्टा ‘इमरजेन्सी’ सेवा प्रवाह गरिरहेका छौँ । बहिरङ्ग सेवा (ओपिडी) तर्फ दृष्टि परीक्षण, आँखा जाँच, चस्मा जाँच, सुपथ मूल्यमा चस्मा बनाउने र औषधि सेवा दिनेलगायत काम भइरहेका छन् । यसका साथै बर्सेनि नेत्र रोगसम्बन्धी विशेषज्ञ चिकित्सकको सहयोगमा जिल्लाका पाँचैवटा स्थानीय तहमा आलोपालो आँखाको शल्यक्रिया शिविर सञ्चालन गर्दै आएका छौँ ।” केन्द्रमा हाल एक जना नेत्र अधिकृत र एक जना अप्टिकल फिडरलगायत कर्मचारी कार्यरत छन् ।


## सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं ।

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं ।
- बालवालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने भ्रुठा समाचार, वदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं ।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# गोरखाको ...

सबै कर्मचारीले प्राप्त गरिसकेका प्रमुख गैरेले बताउनुभयो । कम्प्युटर, इन्टरनेट, अनलाइन तालिम प्राप्त गरी गोरखा जिल्ला हुलाकले पोस्टल इन्टर्नल प्याकिङ सिस्टम (पिआईपिएस) प्रणाली लागू गर्न सफल भएको छ। यो प्रणाली लागू गर्ने आफूहरू देशकै पहिलो जिल्ला रहेको गैरेले जानकारी दिनुभयो ।

कार्यालयले जिल्लाको ११ वटै पालिकामा पिआइपिएस प्रणाली कार्यान्वयन गरेको छ । “अब गोरखा जिल्ला हुलाक तथा ११ वटै पालिका हुलाक कार्यालयमा दर्ता गरिएको चिठी तथा पार्सल कहाँ पुग्यो भनेर मोबाइलबाटै ट्याकिङ गरेर हेर्न सकिन्छ”, उहाँले भन्नुभयो, “यो अभ्यासले देशकै हुलाक सेवाको गरिमा बढाएको छ।” यसले हुलाकप्रतिको विश्वासनीयता, पारदर्शिता बढाएको उहाँको भनाइ छ । त्यस्तै जिल्लाभरि सवारी साधनबाट डाँक सेवा सञ्चालन गरेर ‘द्रूत हुलाक सेवा’ सञ्चालन गर्न सफल भएको कार्यालय प्रमुख गैरेको भनाइ छ। उहाँका अनुसार अहिले जिल्लाको पालुङ्टार, जौबारी, भच्चेक, आरुघाट र घैरुङसम्म नियमित बसबाट डाँक बोक्ने सेवा सञ्चालन गरिएको छ। यसरी द्रूत सेवा सञ्चालन गरेर गोरखा जिल्ला हुलाक कार्यालयले देशभरकै उत्कृष्ट सेवा दिन सफल भएकोमा कार्यालय प्रमुख गैरेले खुसी व्यक्त गर्नुभयो ।

# भद्रकाली माविको खेलकुद सप्ताह-२०८२ सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

“स्वस्थ जीवनका लागि खेलकुद अपरिहार्य, अनुशासन सहित शैक्षिक वृत्तिमा सहकार्य” भन्ने मूल नाराका साथ भद्रकाली माध्यमिक विद्यालयमा आयोजित ‘खेलकुद सप्ताह-२०८२’ हालै सम्पन्न भयो ।

विद्यालय परिसरमा यही पुस ६ गतेदेखि ११ गतेसम्म सञ्चालित छ दिने उक्त कार्यक्रम भव्य रूपमा समापन भएको हो । नर्सरीदेखि कक्षा १२ सम्मका करिब १५०० विद्यार्थीको उत्साहजनक सहभागिता रहेको यस कार्यक्रमको उद्घाटन विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले गरेका थिए । उद्घाटन मन्तव्य राख्दै प्रधानाध्यापक पगेनीले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि किताबी ज्ञानसँगै खेलकुद पनि अपरिहार्य रहेको बताए । उनले खेलकुदमार्फत विद्यार्थीमा अनुशासन, आत्मविश्वास, सहकार्य र नेतृत्व क्षमताको विकास हुने कुरामा जोड दिँदै विद्यालयले यस्ता रचनात्मक कार्यक्रमलाई सधैं प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे । विद्यार्थीहरूको उमेर र कक्षागत तहलाई मध्यनजर गर्दै खेलकुद प्रतियोगितालाई चार समूहमा विभाजन गरिएको थियो । जसअनुसार नर्सरीदेखि कक्षा १, कक्षा २ देखि ५, कक्षा ६ देखि ८ तथा कक्षा ९ देखि १२ (कक्षा ९-१० र ११-१२) को छुट्टाछुट्टै समूहमा प्रतिस्पर्धा गराइएको थियो। साथै, कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरूलाई हरियो, निलो, रातो र पहेँलो गरी चार सदनमा



विभाजन गरी अन्तर-सदनात्मक प्रतिस्पर्धा गराइएको थियो। यसले विद्यार्थीहरूमा सामूहिक भावना र स्वस्थ प्रतिस्पर्धाको विकास गराएको विद्यालयले जनाएको छ।

खेलकुद सप्ताहन्तर्गत पूर्व-प्राथमिक तथा प्राथमिक तहका साना बालबालिकाहरूका लागि हट पोटाटो, मेमोरी गेम, मिठाई खोज, इन-आउट, स्याक दौड, म्युजिकल चेयर र चम्चा दौडजस्ता मनोरञ्जनात्मक खेलहरू सञ्चालन गरिएका थिए। यस्ता खेलहरूले बालबालिकामा शारीरिक सन्तुलन र मानसिक विकासमा टेवा पुऱ्याएको शिक्षकहरूको भनाइ छ। यसैगरी, कक्षा ६ देखि १२ सम्मका सिनियर विद्यार्थीहरूका लागि बास्केटबल, भलिबल, फुटबल र डोरी तान्ने जस्ता ‘फिल्ड’ गेम तथा १०० र २०० मिटर दौडजस्ता ‘ट्र्याक’ इभेन्टहरू सञ्चालन गरिएका थिए। खेल अवधिभर विद्यार्थीहरूले उच्च अनुशासन र खेलभावना प्रदर्शन गरेका थिए । समापन समारोहमा विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थी तथा विजयी सदनलाई विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले मेडल, प्रमाणपत्र तथा पुरस्कार प्रदान गर्नुभएको थियो। सो अवसरमा शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रमको समीक्षा गर्दै विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक मीन बहादुर सावदले खेलकुद सप्ताह विद्यालयको शैक्षिक क्यालेन्डरको एक अभिन्न अङ्ग रहेको बताउनुभयो। उहाँले खेलकुदले विद्यार्थीको शारीरिक तथा मानसिक तन्दुरुस्तीमा सकारात्मक प्रभाव पार्ने बताउँदै आगामी दिनमा यसलाई अझ व्यवस्थित र व्यापक बनाउने योजना रहेको जानकारी दिए । विद्यालय प्रशासन, शिक्षक, कर्मचारी तथा स्वयंसेवक विद्यार्थीहरूको सक्रियता र सामूहिक प्रयासमा खेलकुद सप्ताह सफलतापूर्वक सम्पन्न भएको हो ।

# दुई कुलाको मुहान टोल विकास संस्थाको अध्यक्षमा लामिछाने

पोखरापत्र संवाददाता
पोखरा, १३ पुस

पोखरा महानगरपालिका वडा नं. १३ स्थित दुई कुलाको मुहान टोल विकास संस्थाको चौथो साधारणसभा तथा दोस्रो अधिवेशन भव्यताका साथ हालै सम्पन्न भएको छ ।

संस्थाको अवलोकन भ्रमणका क्रममा नवलपुरको कावासोती-१५, बाघखोरमा आयोजित अधिवेशनले विष्णु प्रसाद लामिछानेको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । गत पुस १० गते पोखराबाट निस्केको भ्रमण टोलीले गोरखा, हेटौंडा, मौलाकालिका र अमलटरी मध्यवर्ती क्षेत्रको अवलोकन गर्दै बाघखोर पुगेको थियो । अधिवेशनबाट संस्थाको उपाध्यक्षमा राजुप्रसाद पौडेल, सचिवमा सुष्मा परियार, सहसचिवमा बृजबहादुर चौधरी र कोषाध्यक्षमा सु. प्रेमबहादुर गुरुङ चयन भएका छन् । यसैगरी, कार्यसमिति सदस्यहरूमा क्रमशः कल्पना नगरकोटी, तेजप्रसाद लामिछाने, रमा आचार्य, पुष्पादेवी गुरुङ, चन्द्रा नेपाली र लक्ष्मी गुरुङ रहेका छन् । अधिवेशनले संस्थापक अध्यक्ष दिलकुमार गुरुङसहित बाबुराम बस्ताकोटी र नरबहादुर गुरुङलाई सल्लाहकारमा मनोनयन गरेको छ । संस्थापक अध्यक्ष दिलकुमार गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन संस्थाकी सचिव सुष्मा परियारले गरेकी थिइन् । कार्यक्रममा सहसचिव राजुप्रसाद पौडेलले स्वागत मन्तव्य राखेका थिए



। भने कोषाध्यक्ष विष्णुप्रसाद लामिछानेले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही अवसरमा संस्थाका सक्रिय व्यक्तित्वहरू बृजबहादुर चौधरी, राजुप्रसाद पौडेल र विष्णुप्रसाद लामिछानेलाई दोसल्ला ओढाएर विशेष सम्मान गरिएको थियो ।


“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# बलियो वैकल्पिक दल बनाउने सहमति

नेपालमा बलियो वैकल्पिक शक्ति निर्माणमा लागेकाहरुको लामो छलफलपछि आइतबार सबेरै बिहान राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह ‘बालेन’ले सात बुँदे राजनीतिक सहमति गरेका छन । नयाँ खुलेका दल र विभिन्न क्षेत्रका परिचित व्यक्तिहरूलाई समेटेर बलियो राजनीति दल बनाउने योजना आंशिक सफल भएको छ । पुराना राजनीतिक दललाई धक्का दिने गरि पद बाँडफाँड गरेर सहमति भएको छ । दुई पक्षले भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको अपनत्व लिनेदेखि आगामी प्रधानमन्त्री पद पनि बाँडफाँट गरेका छन् ।

आगामी फागुन २१ गतेको निर्वाचनलक्षित यो सहमतिले ठूला परम्परागत दललाई केही धक्का लाग्ने देखिएको छ । भदौको जेन-जी आन्दोलनपछि पनि पुरानै नेतृत्व लिएर जनतामाझ जाँदै गरेका पुराना दललाई यी दुई ‘पपुलिस्ट’को मिलन नयाँ चुनौती बन्न सक्छ । यो सहमतिपछि कुन पक्षले के प्राप्त गर्यो भन्ने प्रश्न उठिरहेको छ । उक्त ७ बुँदे सहमतिले पुरानाविरुद्ध बलियो वैकल्पिक शक्ति निर्माणको सम्भावना भने बढाएको छ । सहमतिले नयाँ आशंका पनि पैदा भएको छ ।सामाजिक संजालमा धेरै चर्चा पाएको सहमतिको पहिलो बुँदा जेनजी आन्दोलनको अपनत्व लिनेछ । ती सहमतिमा

१. नवयुवाहरूले भ्रष्टाचार र कुशासन विरुद्ध गरेको आन्दोलनको अपनत्व लिई घाइते तथा शहिद परिवारका मागहरूको यथोचित सम्वोधन गर्ने प्रतिबद्धता जनाउने,।

२. समुन्नति र सामाजिक न्यायका राष्ट्रिय उद्देश्यहरूका लागि गरिनु पर्ने गहिरा नीतिगत, संस्थागत एवम् संरचनात्मक सुधारहरूमार्फत् आर्थिक सामाजिक उन्नयन र सु-संस्कृत राजनीतिक अभ्यासको जगमा अर्को दश वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको राष्ट्र बनाउने मार्गचित्रको इमान्दार कार्यान्वयनप्रति समर्पित हुने, । यो देशमा आर्थिक विकास नगरी हुँदैन भन्ने बोध हो ।

३. पहिलो पक्ष र दोश्रो पक्षबीच बृहत् एकता भएपश्चात् स्थापित हुने राजनीतिक दलको नाम राष्ट्रिय स्वतन्त्र पार्टी, दलको झण्डा साविककै निलो पृष्ठभूमिको मध्यभागमा सेतो रङ्गको गोलाकार बीचमा निलो रङ्गको घण्टीको आकृति, दलको चुनाव चिह्न ‘घण्टी’ र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने,। बालेन समर्थक जेनजीलाई रास्वपामा ल्याउनु रास्वपाको सफलता हो ।

४. राष्ट्रिय स्दावतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधि सभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र साह हुने,।यो चुनावमा मत र सिट बढाउन जेनजीले रुचाउने पात्रलाई अघि सारेर लिएको राजनीतिक उपलब्धि मान्न सकिन्छ ।

५. बृहत् एकतापश्चात् पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन युवा अभियन्ता एवम् अनुभवी विज्ञहरुलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने,।बालेन समर्थित चर्चित व्यक्तिलाई पार्टीमा समेट्ने योजना हो ।

६. यस सम्झौता बमोजिम राष्ट्रिय स्वतन्त्र पार्टीसम्बन्धी दस्तावेज निर्वाचन आयोगमा अद्यावधिक गर्ने,

७. राष्ट्रिय स्वतन्त्र पार्टीको सिद्धान्त, नेतृत्व र चुनाव चिन्ह ‘घण्टी’मा गोलबद्ध भइ लोकतान्त्रिक सुशासन, समुन्नति र सामाजिक न्यायका मुद्धा अघि बढाउन अन्य सु-संस्कृत एवम् परिवर्तनकामी वैकल्पिक राजनीतिक शक्ति, समूह र व्यक्तिहरूलाई आव्हान गर्ने । वैकल्पिक राजनीति गरेर होइन सबैलाई समेटेर बलियो राजनीतिक शक्ति आर्जन गर्ने तुरप हो।पहिला पद अनि नीति र कार्यक्रम बनाउनेहरुले लोकतान्त्रिक प्रणाली बलियो बनाउने होइन शक्ति आर्जन गरेर आफू बलियो बन्ने चाहना हो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस ।


# एकै दिन नौ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
दमौली, १३ पुस

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको संयुक्त प्रहरी टोलीले आज विभिन्न मुद्दामा फरार रहेका नौ प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरीले विभिन्न मुद्दामा फरार रहेका आठ र जेनजी आन्दोलनका क्रममा तनहुँ कारागारबाट फरार भएका एक जनालाई पक्राउ गरेको जनाएको छ । कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकका अनुसार पक्राउ पर्ने फरार प्रतिवादीहरूमा ऋषिङ गाउँपालिका-१ का सुमन सारु (आपराधिक उपद्रव मुद्दा), व्यास नगरपालिका-१३ की सावित्री पाण्डे (चेक अनादर मुद्दा), भिमाद नगरपालिका-३ का सन्तबहादुर नेपाली, खगिसरा विके र अन्जु नेपाली (अवैध वन्यजन्तु रतुवा मृग चोरी शिकार मुद्दा), घिरिङ गाउँपालिका-२ का तिलबहादुर श्रेष्ठ (चेक अनादर मुद्दा) तथा व्यास नगरपालिका-३ का ३४ वर्षीय जोशनाबानु राना (बैङ्किङ कसुर मुद्दा) रहेका छन् । सबै जनालाई आजै अदालत उपस्थिति गराइएकामा तोकिएको जरिवाना तिरेर छुटेको उहाँले बताउनुभयो ।

यस्तै, गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा कारागार कार्यालय तनहुँ तोडफोड गरी फरार भएका कैदीमध्ये शुक्लागण्डकी नगरपालिका-१० स्थायी ठेगाना भई हाल भिमाद गाउँपालिका-९ मा बस्दै आएका २७ वर्षीय प्रकाश विकेलाई पनि पक्राउ गरी आज कारागार चलान गरिएको छ ।

# वडा कार्यालयलाई एक करोडको जग्गा दान

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ पुस

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ महभिरमा वडा कार्यालयको भवन निर्माणका लागि स्थानीयले रु एक करोड मूल्य पर्ने जग्गा दान गरेका छन् ।

छिमेकी मुलुक चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकसँग जोडिएको पर्यटकीयस्थल महभिर झरना नजिकै रहेको चार रोपनी क्षेत्रफलको जग्गा निःशुल्क प्राप्त भएको हो । अन्नपूर्ण गाउँपालिका-७ का वडाअध्यक्ष मइलन गर्बुजा पुनकका अनुसार भक्तराज पुन, चतिमा गर्बुजा, भक्तबहादुर गर्बुजा, लोकबहादुर फगामी, लोकबहादुर पुन, भिममाया गर्बुजा, गौमाया गर्बुजा, सुनमति गर्बुजा, प्रितिम रन्तिजा, गौरी गर्बुजाले ११ कित्ता जग्गा दान गर्नुभएको हो । “साविक हिस्तान गाविसको साविक पाँचवटै टोलको भेलाबाट सहमति जुटाई तीन वर्षअघि उहाँहरुले जग्गा दानको घोषणा गर्नुभएको थियो, जुन अहिले प्रक्रिया पूरा गरिएको हो”, उहाँले भन्नुभयो, “गाउँपालिकाले रु एक करोड ३९ लाख लागत अनुमानको हिस्तान वडा कार्यालय भवन निर्माणका लागि आइतबार ठेक्का आह्वान गरेको छ ।”


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ अम्बोट तोरीकोल पंधेराघर सडक स्तरोन्नति निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः अम्बोट तोरीकोल पंधेराघर सडक स्तरोन्नति
ठेगानाः पोखरा–२१
योजना शुरु हुने मितिः २०८२/०८/१८ गते
योजना सम्पन्न हुने मितिः २०८२/९/१५ गते
योजनाको कुल लागतः रु. ११,१३,००२.६०
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,१३,००२.६०
उपभोक्ता समिति अध्यक्षः अशोक थापा
मो. ९८४६६७९०४७
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**अम्बोट तोरीकोल पंधेराघर सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-२१**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ भण्डारे तिजुबोट मनकामना मोटर वाटो निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भण्डारे तिजुबोट मनकामना मोटर वाटो निर्माण
ठेगानाः पोखरा–२१
योजना शुरु हुने मितिः २०८२/०८/१८ गते
योजना सम्पन्न हुने मितिः २०८२/१०/१८ गते
योजनाको कुल लागतः रु. ५,५७,१४१.२७
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५७,१४१.२७
उपभोक्ता समिति अध्यक्षः खगराज सिग्देल
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**भण्डारे तिजुबोट मनकामना मोटर बाटो निर्माण उपभोक्ता समिति पोखरा-२१**


# मुस्ताङमा बन्यो प्रादेशिक अस्पताल भवन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १३ पुस

यहाँको घरपझोङ गाउँपालिका-४ जोमसोममा निर्माणाधीन जिल्लाकै एकमात्र २५ शय्याको दुईतले पक्की अपाङ्गमैत्री प्रादेशिक अस्पताल भवन हस्तान्तरणको अन्तिम चरणमा छ । विसं २०७७ चैत २ गते दुई वर्षमा सम्पन्न गर्नेगरी निर्माण सुरु गरिएको यहाँको अस्पताल भवनको पूर्वाधार हस्तान्तरण गर्ने तयारीमा रहेको छ ।

अपाङ्गतामैत्री दुईतले अस्पताल भवन सुरुआती ठेक्का सम्झौता अनुसार २०७९ साल १ चैतमा सकिनुपर्ने थियो । तर अस्पताल भवनको छानो छाउने डिपिआर डिजाइनमा प्राविधिक त्रुटि देखिँदा भवन निर्माण केही वर्ष रोकिएको थियो । निर्माण कम्पनीले ‘भिओ’ स्वीकृत नगरी काम अघि नबढाएपछि सार्वजनिक खरिद ऐन, १३औँ संशोधनअनुसार अस्पताल भवनको म्याद २०८१ साल २ पुससम्म थप गरिएको थियो ।

त्यसपछि यहाँ निर्माणाधीन अस्पताल भवनको प्रि-डिजाइन गरी भिओ स्वीकृत गरिएपछि अस्पताल भवन निर्माणको काम अघि बढेको थियो । निर्माणाधीन भवनको गण्डकी प्रदेशअन्तर्गत स्वास्थ्य मन्त्रालयले बजेट विनियोजन गरेपछि निर्माणको ठेक्का सम्झौता भएको थियो । भवन निर्माणको लागत अनुमान रु १६ करोड ३४ लाख रहेकामा रु १० करोड २१ लाखमा इमोटल कन्ट्रक्सनले ठेक्का सम्झौता गरेको थियो । अपाङ्गतामत्री स्वास्थ्य सेवा प्रवाह गर्नेगरी प्रदेश अस्पतालको भौतिक संरचना निर्माण भएको घरपझोङ गाउँपालिकाका सबइन्जिनियर राजन कँडेलले जानकारीदिनुभयो।भवननिर्माणको बजेट प्रदेश सरकारबाट र प्राविधिक पक्षको जिम्मा गाउँपालिकालाई अख्तियारी दिइएको सबइन्जिनियर कँडेलले उल्लेख गर्नुभयो । अस्पताल भवनको भौतिक र वित्तीय प्रगति शतप्रतिशत भएको र निर्माण कम्पनीसँग भवनको परीक्षणकाल (डिएलपी)को अवधि रहेको सबइन्जिनियर कँडेलले बताउनुभयो । उहाँले भन्नुभयो, “अस्पताल भवन निर्माण सकिएको छ, भवनमा विद्युत् र सेनेटरी पक्षमा आंशिक त्रुटि भएकाले सच्याउन लगाएका छौं, निर्माण कम्पनीले त्रुटि सच्याएपछि भवन हस्तान्तरण हुनेछ ।” गण्डकी प्रदेश सरकारले यस अस्पताललाई १५ शय्याबाट २५ शय्याको अस्पताल भवनमा रुपान्तरण गर्ने तत्कालीन समयमा यहाँ अस्पतालको भौतिक संरचना निर्माण सुरु गरेको हो । यहाँ अस्पताल भवनको ठेक्का सम्झौता भएको पाँच वर्षपछि भवनको भौतिक संरचना तयार भएको हो ।

धार्मिक तथा पर्यटकीय हिमाली जिल्ला मुस्ताङ भ्रमण गर्ने पर्यटक तथा स्थानीय नागरिकको स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी र सेवामूलक तुल्याउनेगरी निर्माण गरिएको हो । भवनमा ल्याब कक्ष, आपत्कालीन, प्रसूति, एक्सरे, अल्ट्रा साउन्ड, इसिजी कक्ष, बहिरङ्ग सेवा, सामान्य शल्यक्रिया, मेजर शल्यक्रिया, मेडिकल कक्ष, बिरामी बस्ने वार्डरुम र प्रशासनिक कक्ष र बैठक हललगायत संरचना निर्माण भएका सबइन्जिनियर कँडेलले जानकारी दिनुभयो ।

हाल जस्ताले छाएको ५० वर्ष पुरानो जीर्ण अवस्थाको भवनबाट सेवाग्राहीलाई सेवा प्रवाहमा समस्या र चुनौती देखिएको थियो । नवनिर्मित अस्पतालको भवनबाट सेवा प्रवाह सुरु भएमा स्वास्थ्य सेवा प्रवाह सजिलो हुने अस्पतालका मेसु डा समीक्षा कँडेलले बताउनुभयो ।

# मनाङमा हिउँ चितुवा सर्वेक्षण : डिस्याङ, नारफू र तिलिचो आसपासका क्षेत्र बासस्थान

**पोखरापत्र संवाददाता**
मनाङ, १३ पुस

हिमाली पारिस्थितिकीय प्रणालीको सूचक मानिएको लोपोन्मुख हिउँ चितुवाको तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले यहाँ हिउँ चितुवा सर्वेक्षण जारी छ । राष्ट्रिय प्रकृति कोष (एनटिएनसी) र अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप)ले संयुक्त रूपमा मनाङ क्षेत्रमा विज्ञसहित क्यामेरा ट्र्यापिङबाट हिउँ चितुवाको अवस्था, गणना र वन्यजन्तुको अनुगमन गरिने भएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने दुर्लभ तथा सङ्कटग्रस्त वन्यजन्तु हिउँ चितुवाको अवस्था बुझ्न सर्वेक्षण गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने नारफु, डिस्याङ, खाङ्सार, तिलिचो, गुम्साङ, भिमथाङ आसपासका उच्च हिमाली भूभागमा गरिएको सर्वेक्षणले मनाङ हिउँ चितुवाको सम्भावित प्रमुख बासस्थानमध्ये एक रहेको विज्ञले पुष्टि गरेको उहाँले बताउनुभयो ।

“हिउँ चितुवा हिमाली पारिस्थितिकीय प्रणालीको सूचक प्रजाति हो । यसको उपस्थिति सुरक्षित छभने उक्त क्षेत्रको सम्पूर्ण पारिस्थितिकीय प्रणाली सन्तुलन पनि राम्रो अवस्थामा रहेको मानिन्छ”, प्रमुख भुजेलले भन्नुभयो । मनाङको डिस्याङ, नारफू र तिलिचो आसपासका क्षेत्र हिउँ चितुवाको सम्भावित बासस्थानका रूपमा पहिचान गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार क्यामेरा ट्र्याप, पदचिह्न, मल (स्क्याट) सङ्कलन र स्थानीय गोठालाको अनुभवका आधारमा सर्वेक्षणका लागि क्यामेरा जडान गरिएको छ । सर्वेक्षणमा संलग्न वन्यजन्तु तथा वातावरण विज्ञका अनुसार हिउँ चितुवाको संरक्षण केवल एउटा वन्यजन्तु जोगाउने विषयमात्र नभई सम्पूर्ण हिमाली पारिस्थितिकीय प्रणाली, स्थानीय जीविकोपार्जन र भविष्यको पर्यटनसँग प्रत्यक्ष जोडिएको विषय हो । समुद्री सतहबाट करिब तीन हजार २०० मिटरदेखि पाँच हजार २०० मिटरभन्दा बढी उचाइका मनाङ डिस्याङ उपत्यका, भीमथाङ उपत्यका र नारफु उपत्यकालाई तीन क्षेत्रमा विभाजन गरी अध्ययन गरिरहेको भुजेलले बताउनुभयो ।

यी क्षेत्रमा अल्पाइन घाँसेमैदान, शङ्कुधारी वन प्याच, सुक्खा नदीक्षेत्र, रिजलाइन र जनावरका बाटो समावेश गरिएका छन् । हिउँ चितुवा र तिनीहरूको सिकारका लागि प्रमुख बासस्थान हुन् । यस क्षेत्रमा कुल १२९ क्यामेरा जडान गरिएको उहाँले बताउनुभयो । मनाङ डिस्याङ उपत्यकामा ५७, भीमथाङ उपत्यकामा २९ र नारफु उपत्यकामा ४३ क्यामेरा जडान गरिएको छ । क्यामेराले हिमाली ब्वाँसाको अध्ययन गर्ने एक अन्तरराष्ट्रिय अनुसन्धानकर्तासँगको सहकार्यात्मक प्रयास पनि समावेश गरी सर्वेक्षण भइरहेका छ । अनुसन्धानकर्ताले २२ क्यामेरा र तथ्याङ्क आदानप्रदान गरिरहेको एक्यापले जनाएको छ । “हिउँचितुवा सुरक्षित छभने त्यसको अर्थ नाउर, झारलजस्ता सिकार प्रजाति, घाँसेमैदान र समग्र हिमाली वातावरण पनि सन्तुलित अवस्थामा छ भन्ने बुझिन्छ”, उहाँले भन्नुभयो । सन् २०२४ अक्टोबर १४ मा सुरु भएको अनुगमन अध्ययनले विगतमा हिउँ चितुवा विवरण अध्ययन (छेत्री एटअल, २०१७) मा पहिचान गरेको वैज्ञानिकको रूपमा चयन गरिएका ग्रिड कोषलाई भीमथाङ उपत्यकासहित अन्नपूर्ण-मनास्लु क्षेत्र प्रमुख हिउँ चितुवा समेटेको छ ।

यस अध्ययनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष र एक्यापले मनाङ ब्लकलाई १४ ग्रिड कोषमा विभाजन गरी प्रत्येकको मापन ५/५ वर्ग किलोमिटर रहेको जनाएको छ । निष्पक्ष र व्यवस्थित तथ्याङ्क सङ्कलन सुनिश्चित गर्न प्रत्येक ग्रिडभित्र अनियमित रूपमा क्यामेरा ट्र्यापिङका लागि जडान गरिएको छ । मानव बस्ती र पूर्वाधारबाट टाढा जनावरका बाटो, रिजलाइन, वनक्षेत्र, पानीका स्रोत र ज्ञात वा शङ्कास्पद सिकारस्थलमा क्यामेरा ट्र्यापिङ गरिएको एक्यापले जनाएको छ । हिउँ चितुवाको सङ्ख्या अनुमान र पारिस्थितिकीय प्रणालीको विश्लेषणलाई समर्थन गर्न प्रत्येक ग्रिड सेलभित्र सिकार प्रजातिको तथ्याङ्क रेकर्ड गरिरहेका छन् । क्यामेरा, ब्याट्री, मेमोरी कार्ड, पन्जा, सिलिका जेल, स्क्याट सङ्कलन ट्यूब र तथ्याङ्क रेकर्डिङ फारमलगायतका उपकरण जडान गरिएको छ । भुजेलले भन्नुभयो, “प्रारम्भिक सर्वेक्षणले यस क्षेत्रमा हिउँ चितुवाको सङ्ख्या करिब ५० भन्दा बढी अनुमान गरेको छ ।

सर्वेक्षण जारी रहेकाले अन्तिम तथ्याङ्क आउन बाँकी छ ।” हिमाली ब्वाँसो, रातो स्याल, नीलो भेडा, कस्तुरी मृग, पहेँलो घाँटी भएको मार्टेन्स, हिमाली सेरो, घोरल र चितुवा बिरालोजस्ता विविध वन्यजन्तु प्रजातिको जडान गरेको क्यामेराले रेकर्ड गरेको सर्वेक्षणकर्ताले जनाएको उहाँले जानकारी दिनुभयो ।

जसले स्वस्थ र सन्तुलित पहाडी पारिस्थितिक प्रणालीलाई प्रतिविम्बित गरेको छ ।

क्यामेरा ट्र्यापिङ, स्क्याट सर्वेक्षण र सिकार मूल्याङ्कनमार्फत सङ्कलन गरिएको तथ्याङ्कले मानव वन्यजन्तु द्वन्द्व हटस्पट पहिचान गर्न महत्त्वपूर्ण भूमिका रहने अपेक्षा गरिएको छ । यसमा सुधारिएको पशुपालन अभ्यास, सिकार न्यूनीकरण, मौसमी चरन व्यवस्थापन र सहअस्तित्वमा केन्द्रित सामुदायिक जागरूकताजस्ता कार्यक्रमले नागरिकमा सचेतना फैलिएको छ । जसले हिउँ चितुवाको संरक्षणमा टेवा पुगेकाले सङ्ख्या बढ्न सक्ने सर्वेक्षणकर्ताले अनुमान गरेको एक्यापले जनाएको छ ।

एनआरसिए, एनटिएनसी एक्याप मनाङका प्रकाश अधिकारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका संरक्षण अधिकृत गोपाल खनाल, एनटिएनसी एक्याप मनाङका ओमबहादुर गुरुङ, ज्ञानबहादुर गुरुङ, यामबहादुर गुरुङ र भक्तसिं गुरुङको सहयोगमा सर्वेक्षण भइरहेको जनाइएको छ ।

# बागलुङ महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ पुस

पछिल्ला मेला तथा महोत्सव आधुनिकमात्रै भए भन्ने गुनासोका बीच बागलुङमा जारी आठौँ बागलुङ महोत्सवमा भने स्टलहरूका केही दृश्य अलि फरक देख्न पाइन्छ । बागलुङ उद्योग वाणिज्य सङ्घको आयोजनामा यही पुस ११ गतेदेखि बागलुङ नगरपालिका-१ रामरेखामास्थित बाङ्गेचौर खेलमैदानमा बागलुङ महोत्सव चलिरहेको छ ।



महोत्सवमा दुई सय बढी व्यापारिक कक्ष छन् । जसमध्ये केही कक्षमा बागलुङमा उत्पादित सामग्रीले ‘मेड इन बागलुङ’को नामबाट छुट्टै प्राथमिकताका साथ स्टलहरू पाएको छ । जुन स्टललाई आयोजले निःशुल्क प्रदान गरेको छ । बागलुङमा उत्पादन भएको डाला, नाङ्ला, ठेकादेखि अल्लोका कपडासम्म महोत्सवस्थलमा देख्न सकिन्छ । घरेलु उत्पादनको बजारीकरणसँगै प्रचारप्रसारका लागि आयोजकले निःशुल्क कक्षको व्यवस्था मिलाएको बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले जानकारी दिनुभयो। उहाँले बिहुँ र सिगानाका सुन्तलादेखि बागलुङमा प्याकेजिङ गरिएका मकैदेखि हस्तकलाका विभिन्न सामग्री बिक्रीका लागि कक्षलाई मेड इन बागलुङका नाममा छुट्याइएको जानकारी दिनुभयो ।

महोत्सवमा बिहुँको बिहुँकोट साना किसान कृषि सहकारीमार्फत प्याकेजिङ गरिएका सुन्तला, तमानखोलाको स्थानीय हस्तकलाका सामग्री र ताराखोलाको भाँगोदेखि डोका, नाम्लासम्म महोत्सवका कक्षमा देख्न पाइन्छ । बिहुँको सुन्तलालाई ‘केस्रा ब्रान्ड’मा बजारमा ल्याइएको छ। विगतका महोत्सवमै प्रचारप्रसार भएका कारण जैमिनी नगरपालिका-३ मा उत्पादन भएको बाकोको गुन्द्रुक र सिस्नोको पाउडरले राम्रो बजार पाउन थालेको थियो । महोत्सवमा बिक्रीसँगै दर्शकको नजरमा स्थानीय उत्पादन पर्न गएमा बजारीकरणमा सघाउने भएकाले ताराखोलाका स्थानीय उत्पादन डाला, नाङ्ला, भागो, रातो च्याउ बिक्रीका लागि ल्याएको महिला उद्यमी गौमती घर्तीले जानकारी दिनुभयो। उहाँले ताराखोलामा ढाकाको कपडाबाट तयार गरिएको हस्तकलाका सामग्री पनि बिक्रीका लागि ल्याइएको बताउनुभयो । महोत्सवस्थलमा तमानखोलाको स्थानीय उत्पादनमा सबैको आँखा पुग्न थालेको छ । महोत्सवमा उनीहरूले अल्लोका कपडा, तामाका भाँडाका सामग्री, फापर र जौँको पीठो, आलु, सिमी, टिमुर, कोदोको पीठो, मकैको आटा, निगालोबाट बनेका सामग्री तथा भेडाको ऊनलगायत थुप्रै घरेलु सामग्री बिक्रीका लागि ल्याएको महिला उद्यमी जुनमाया घर्तीले बताउनुभयो । उहाँले व्यापारमात्रै नभएर स्थानीय उत्पादनको जानकारी दिनका लागि तमानखोला गाउँपालिकाको संयोजनमा महोत्सवमा आएर स्थानीय उत्पादनको स्टल राखिएको बताउनुभयो । स्टलमा हस्तकलाका सामग्री, कृषिका आधुनिकदेखि परम्परागत औजार, कृषि प्रदर्शनी, सुन्तला प्रदर्शनी तथा बिक्रीलगायतका स्टलसमेत देख्न सकिन्छ । बागलुङका १० वटै स्थानीय तहका उत्पादन, कृषि उपज तथा हस्तकलाका घरेलु सामग्री बिक्री तथा प्रदर्शनीका लागि एक-एकवटा स्टल उपलब्ध गराइएको मेलाका आयोजक तथा मेड इन बागलुङ कार्यक्रमका संयोजक सुदीपसागर कँडेलले जानकारी दिनुभयो । उहाँले अहिलेसम्म तमानखोला, ताराखोला, बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाका स्थानीय उत्पादनको स्टल तयार भएर बिक्रीवितरणका काम थालिएको जानकारी दिनुभयो ।

‘पर्यटन, कृषि, कला, संस्कृति, उद्योग र व्यापार, समृद्ध बागलुङ निर्माणको आधार’ नारासहित गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि औद्योगिक व्यापार मेला तथा बागलुङ महोत्सव आयोजना गरिएको बताउँदै बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले यसपटकको महोत्सवमा आधुनिकतासँगै स्थानीयपन झल्कने प्रयास गरेको बताउनुभयो । पुस २१ गतेसम्म चल्ने महोत्सवमा कुल रु १० करोडको कारोबार हुने लक्ष्य लिइएको छ ।

# समीक्षाका गीतमा झुमे दर्शक

**पोखरापत्र संवाददाता**
गण्डकी, १३ पुस

गायिका समीक्षा अधिकारी शनिबार साँझ बागलुङ महोत्सवमा गुञ्जिनुभयो । पुसको जाडोमा पनि उहाँको प्रस्तुतिले माहोल केहीबेर तातायो । अधिकारीका चर्चित गीतमा दर्शक झुमे । उहाँसगै स्वरमा स्वर मिलाए । ‘मुटुमै बसेछ...’ गीतसँगै मञ्च उक्लनुभएकी अधिकारीले ‘हावा चिसोचिसो...’ बाट आफ्नो प्रस्तुतिलाई बिट मार्नुभयो ।

अधिकारीले ‘शिरमा शिरबन्दी...’, ‘दुश्मन हेरेको हेरै...’, ‘बुझिन मैले...’, ‘सूर्ति माड्दामाडदै...’, ‘कुरा बुझ्न पर्छ...’, ‘नत्र भने जिन्दगी व्यर्थ छ...’ लगायत गीत सुनाउनुभयो । पछिल्लो समयकी सफल गायिका अधिकारीलाई बागलुङ उद्योग वाणिज्य सङ्घले दर्शकसँग भेट गराएको हो । उहाँको प्रस्तुति सुन्न प्रौढदेखि बालबालिकासम्म महोत्सवस्थल पुगेका थिए । अधिकारीको गायकीमा कोही मन्त्रमुग्ध देखिन्थे भने कोही नाचेर साथ दिइरहेका थिए। प्रस्तुतिका क्रममा अधिकारीले बागलुङसँगको आफ्नो सामिप्यता र साङ्गीतिक यात्राबारे दर्शकमाझ आफ्नो अनुभव साझा गर्नुभयो । उहाँ अहिले देशविदेशका कार्यक्रममा व्यवस्त हुनुहुन्छ । शुक्रबार विराटनगरको कार्यक्रम भ्याएर बागलुङमहोत्सवमा आउनुभएकी अधिकारी सोमबार जापान जाँदै हुनुहुन्छ । जापानमा बागलुङको गलकोटबाट जापान पुगेकाहरूले जन्माएको संस्था गलकोट समाज, जापानद्वारा आयोजित अङ्ग्रेजी नयाँ वर्ष विशेष साङ् गीतिक कार्यक्रममा अधिकारीले प्रस्तुति दिनुहुनेछ । शुक्रबारदेखि सुरु भएको आठौँ संस्करणको बागलुङ महोत्सव यही पुस २१ गतेसम्म सञ्चालन हुनेछ । महोत्सवका अवधिभर विभिन्न कलाकारको प्रस्तुति रहने महोत्सव मूल आयोजक समितिका संयोजक एवं बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले बताउनुभयो। महोत्सवमा गायक विष्णु खत्री, प्रकाश सपुत, वसन्त थापा, प्रकाश दुतराज, गायिका अस्मिता अधिकारीलगायत कलाकारको प्रस्तुति रहने उहाँको भनाइ छ । महोत्सवमा खुला प्रदेशस्तरीय पुरूष तथा महिला भलिबल, खुला राष्ट्रिय दोहोरीगीत प्रतियोगिता, पञ्चेबाजा प्रदर्शनी तथा प्रतियोगिता, भोले छुने प्रतियोगिता, सामूहिक नृत्य, वक्तृत्वकला, लठो तान्ने, घैँटोफोर, तारो हान्नेलगायत विविध खेलकुद प्रतियोगिता आयोजना गरिएको छ । महोत्सवमा फोटो प्रदर्शनी, सांस्कृतिक झाँकी, स्थानीय खाना प्रवर्द्धन, सुन्तला, माछाको प्रदर्शनी, हस्तकला, कृषि तथा पशु, औद्योगिक उत्पादन, स्थानीय जडीबुटी, सूचना प्रविधि आदिको प्रदर्शनी तथा बिक्रीकक्ष रहेको अध्यक्ष शाक्यले बताउनुभयो । अंग्रेजी नयाँ वर्ष पारेर विशेष साङ्गीतिक कार्यक्रम पनि तय गरिएको जनाइएको छ।

आठ लाख दर्शकले मेला अवलोकन गर्ने अनुमान गरिएको सङ्घका पूर्वअध्यक्ष एवं सुरक्षा व्यवस्थापन उपसमितिका संयोजक नरेश कँडेलले बताउनुभयो । महोत्सवको प्रतिटिकटबाट रु १० मानवसेवा आश्रम बागलुङलाई सहयोग गरिने भएको छ। टिकटबाट उठेको रकमबाट नेपाल पत्रकार महासङ्घ, बागलुङको संस्थागत विकास र जिल्लाको खेलकुद विकासमा सहयोग गरिने जनाइएको छ।

महोत्सवबाट बचेको रकम व्यावसायीको कल्याणकारी कोष, बागलुङ बजारमा सिसी क्यामेरा जडान तथा मर्मत, स्वास्थ्यका लागि खेलकुद कोष, अक्षयकोष निर्माण, कोसेली घर सञ्चालन आदिमा खर्च गरिने जनाइएको छ । महोत्सवमा रु दुई करोड २० लाख आम्दानी हुने र रु एक करोड ७० लाख खर्च हुने आयोजकको अनुमान छ । महोत्सवमा दुई सय बढी व्यावसायिक कक्ष रहेका छन् ।

# मेला महोत्सवमा आकर्षण बन्दै ‘झाँक्री नाच’

**डम्मर बुढामगर**
बागलुङ, १३ पुस/रासस

एकदशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको सहज पहुँच थिएन । गाउँमा कोही बिरामी परे उपचारका लागि झाँक्रीकहाँ लैजाने चलन थियो ।



अहिले धेरै ठाउँमा स्वास्थ्य संस्था स्थापना भएर सेवा प्रदान गर्न थालेका छन् । जसका कारण बिरामी झाँक्रीकहाँभन्दा अस्पतालमै जान थालेका छन् । बिरामी अस्पतालमा गए पनि झाँक्रीहरुलाई कामको खाँचो छैन । हिजोआज जिल्लामा लाग्ने मेला महोत्सवमा उनीलाई झाँक्री नाच प्रदर्शन गर्न भ्याइनभ्याइ छ ।

झाँक्री नाचले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिच्न थालेको छ। धेरैको रोजाइमा पर्न थालेपछि हरेक मेला महोत्सवमा झाँक्री नाच प्रदर्शन गराउन थालिएको हो । बागलुङमा सुरु भएको आठौँ बागलुङ महोत्सवमा पनि ढोरपाटनको झाँक्री नाच आकर्षणको केन्द्र बनेको छ । करिब १२० किलोमिटर पश्चिमबाट आएका झाँक्रीले बागलुङ बजारमा नाच प्रदर्शन गर्दा हेर्नेको भीड नै लागेको थियो । शरीरमा पहिरिएको विभिन्नथरिका पहिरनले धेरैलाई आकर्षित गर्ने गरेको छ । झाँक्रीले थरिथरिका वन्यजन्तुका छाला, चराचुरुङ्गीका प्वाँखलगायत पुराना मौलिकता बोकेका वस्तुहरु शरीरमा भिरेर काम्दा धेरैलाई आश्चर्य लाग्छ । झाँक्री नाच खासगरी जिल्लाको ढोरपाटन क्षेत्रमा बढी प्रचलित छ। जनजाति तथा दलित समुदायमा परम्परादेखि चल्दै आएको झाँक्री नाचले यसरी चर्चा पाउला भन्ने स्वयं झाँक्रीहरुलाई नै लागेको थिएन । पछिल्लो समय मेला महोत्सवमा नाच्न बोलाउने गरेको ढोरपाटन नगरपालिका-६ का बलबहादुर विकले बताउनुभयो ।

आफ्नो चारपुस्ता झाँक्री पेसा रहेको उहाँको भनाइ छ । विकले आफ्नो जिजुबाजे, बुबा र आफू झाँक्री बनेको उहाँले बताउनुभयो । आफ्नो बुबाका पालासम्म मेला महोत्सवमा नाच्ने चलन नभएको भन्दै पछिल्लो सात वर्षदेखि झाँक्री नाचको चर्चा हुन थालेको विकले सुनाउनुभयो । आफू चार दशकदेखि झाँक्री काम गर्दै आएको भन्दै पहिले बिरामीलाई झारफुक मात्रै गर्ने गरेको उहाँले बताउनुभयो ।

विकले भन्नुभयो, “झाँक्री नाचको अहिले धेरैतिर चर्चा हुन थालेको छ, पहिले कोही बिरामी पऱ्यो भने उसैको घरमा गएर झारफुक गर्ने, झाँक्री बस्ने गरिन्थ्यो, तर अहिले त मेलातिर पनि गएर नाच्न थालेका छौँ, यसले हाम्रो पुरानो कला, संस्कृतिको प्रचारप्रसार भएको छ, जो पायो त्यही झाँक्री हुन सक्दैन, झाँक्री भन्ने सामान्य कुरा होइन, झाँक्री हुनलाई त दैविक शक्ति आउनुपर्छ ।” धामीझाँक्री गरेको आम्दानीबाट धेरैले जीविकोपार्जन गर्ने गर्थे । बिरामी अस्पतालमा जान थालेपछि झाँक्री पेसा पनि सङ्कटमा पर्ने जोखिम बढेको छ । अहिले पनि मानिस बिरामी हुँदा झाँक्रीकहाँ नआउने होइन तर त्यो पहिलेको तुलनामा धेरै कम भएको छ । बिरामी कम भए पनि मेला महोत्सव नाच्दा जाँदा पारिश्रमिक पाइने झाँक्री बोमबहादुर विकले बताउनुभयो । बिरामीलाई सामान्य रोग लागेमा झारफुक गर्ने र अस्पतालमै जान सुझाव दिने गरेको उहाँको भनाइ छ । विकले लोपोन्मुख बन्दै गएको झाँक्री नाचलाई जोगाउन र आम्दानीसमेत गर्ने उद्देश्यले यहाँका विभिन्न चाडपर्व, मेला-महोत्सव तथा पर्यटकको स्वागतमा प्रदर्शन गर्ने गरेको बताउनुभयो । पुर्खाले प्रयोग गरेको घण्टा, गरगहना, पशुपक्षीका छाला ओढेर डम्फु बजाउँदै नाच्ने उहाँको भनाइ छ । झाँक्रीले आयुर्वेदिक उपचारसमेत गर्ने विकले सुनाउनुभयो । बान्ता हुने, शरीरमा घाउखटिरा आउने, डुलुवा लाग्नेलगायत बिरामीलाई तन्त्रमन्त्रले निको पार्ने उहाँले दाबी गर्नुभयो ।

“हामीहरु ले बिरामीलाई अस्पताल नजाउ भन्दैनौँ, जडीबुटीको केही ज्ञान हुनेहुँदा वनबाट लिएको ओखती दिएर बिरामीलाई सञ्चो बनाउने गर्छौं, ठूलोठूलो रोग लागेको बिरामीलाई अस्पतालमै जान भन्छौँ”, विकले भन्नुभयो, “पहिलेपहिले बिरामी धेरै आउँथे, अचेल कम भएका छन्, तर झाँक्री बस्नका लागि अहिले पनि बोलाउँछन्, मेला महोत्सवमा जाँदा आम्दानी पनि राम्रै हुने गरेको छ ।”

झाँक्री नाच ढोरपाटनसहित निसीखोला, तमानखोललगायत स्थानमा प्रचलित छ । सञ्चारमाध्यमबाट प्रचारप्रसार हुन थालेपछि झाँक्री नाच प्रदर्शनका लागि धेरै ठाउँबाट माग आउने गरेको छ। यो नाचलाई संरक्षणका लागि ढोरपाटन नगरपालिका प्रचारप्रसारमा जोड दिएको उपप्रमुख धनबहादुर कायतले बताउनुभयो। पालिकाले झाँक्रीको पोसाक तथा अन्य व्यवस्थापनका लागि बजेट विनियोजन गर्दै आएको उहाँको भनाइ छ। पहिले बिरामीलाई सान्त्वना दिने झाँक्री अहिले पर्यटक आकर्षण गर्ने माध्यम बनेको उपप्रमुख कायत बताउनुहुन्छ । उहाँले भन्नुभयो, “हामीहरु गाउँमा जन्मियौँ, गाउँले परिवेशमा हुर्कियौँ, बिरामी पर्दा पनि झाँक्रीकहाँ जानुपर्छ भन्ने सुनियो, देखियो र भोगियो तर अहिले बिरामी परे अस्पतालमै जानुपर्छ, तर झाँक्रीको परम्परालाई पनि संरक्षण गर्नुपर्छ, त्यसले गर्दा हामीहरुले झाँक्रीलाई पनि बिरामीलाई अस्पताल पठाउनुपर्छ भनेर सुझाउँछौँ र मेला, महोत्सव तथा कार्यक्रममा प्रदर्शनका लागि पालिकाले नै अगुवाइ गर्छ ।”


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा मनपा-२ बस्ने कमल गिरीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ३३० को क्षेत्रफल ५२७२.२१५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ३२९ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


# तामाखानी उत्खननका लागि पुनः अध्ययन थालिएपछि मच्छिमवासी उत्साहित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ पुस

पाँच दशकदेखि बन्द अवस्थामा रहेको तामाखानी उत्खननका लागि अध्ययन थालिएपछि म्याग्दीको धवलागिरि गाउँपालिका-७ मच्छिमका बासिन्दा उत्साहित भएका छन् ।

खानी तथा भूगर्भ विभागबाट अनुमति लिएको कम्पनी एमएस दोड्यी मिनरल्स प्रालिले मच्छिमको तामाखानीको खोजतलास तथा उत्खननका लागि पुन : अध्ययन थालेको हो । मच्छिम गाउँदेखि नजिकै रहेको पाखोमा छ ठाउँमा रहेका तामाखानी पाँच दशकदेखि बन्द अवस्थामा छन् ।

धवलागिरि गाउँपालिका-७ का वडाध्यक्ष अशोक खत्रीले भूगर्भविद्हरूको टोली खानीमा तामाको मात्रा पहिचानका लागि अध्ययनका लागि आएका बताउनुभयो । तामाखानी अध्ययनका लागि मच्छिम हुँदै गाउँपालिकाको केन्द्र मुना जोड्ने मुख्य सडकदेखि तामाखानी जोड्ने पहुँचमार्ग निर्माण गरिसकेका छन् ।

खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढाइने वडाध्यक्ष खत्रीले बताउनुभयो । खानी उत्खननका लागि अध्ययन थालिएकामा मच्छिमवासीमा खुसीयाली छाएको स्थानीय अगुवा चन्द्रबहादुर छन्त्यालले बताउनुभयो । उहाँका अनुसार मच्छिमको खानीबाट २०२८ सालसम्म स्थानीय प्रविधिको प्रयोग गरेर तामा निकाल्ने गरिन्थ्यो । प्रविधिको अभाव र आम्दानीभन्दा बढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको छन्त्यालले बताउनुभयो । तामा खानी उत्खननका लागि आएका छन्त्याल समुदायले मच्छिममा बस्ती बसाएको इतिहास छ । छन्त्याल समुदायको पुर्ख्यौली पेसा खानी खन्ने हो । त्यहाँ अझैसम्म पनि तामाका धाउहरू देख्न सकिन्छ । तामाखानीको सुरुङ छन् । पहाडमा तामा रसाएको देख्न सकिन्छ । स्थानीयवासीले त्यही सुरुङबाट भित्र छिरेर घन, छिनोको प्रयोग गरेर तामा निकाल्ने गरेका थिए । उक्त खानीबाट निकालेको तामाबाट गाग्री, टाउलो, माना, पाथी, गिलासलगायत भाँडा तयार पार्ने गरिन्थ्यो । खानीको तामाले बनाएका भाँडा स्थानीयले घरमा सजाएर राखेका छन् । वातावरणीय र विपद्जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिनुपर्ने मच्छिमका बासिन्दा कुलबहादुर छन्त्यालले बताउनुभयो । उक्त कम्पनीले मालिका गाउँपालिकाको ओखरबोट तामाखानीमा पनि सम्भाव्यता अध्ययन गरिरहेको छ । खानी तथा भूगर्भ विभागका अनुसार म्याग्दीमा तामा, फलाम, क्वार्ज, कप्रक, चुनढुङ्गा, खरिढुङ्गा, स्लेटढुङ्गा, मार्बल र तातोपानीका मुहानहरु (हटस्पिङ) पाइन्छन् ।

जिल्लामा बढी पाइने खनिज पदार्थमा तामा प्रमुख हो। मच्छिमको साथै धवलागिरिको गुर्जा र मल्कवाङ, रघुगङ्गाको ठाडाखानी, कुइनेखानी र मङ्गलेखानीमा तामाखानी छन् । धवलागिरिको नर्जा, मालिकाको रुम, डाँडागाउँ, निस्कोटमा स्लेट ढुङ्गा खानी छन् ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय**
**सामजिक विकास, युवा खेलकुद मन्त्रालय**
**एकीकृत सेवा कार्यालय, कास्की**

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

सूचना प्रथम पटक प्रकाशित सूचना २०८२/०९/१३ गते

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत संचालित उद्योग प्रर्वधनका लागि साझेदारीमा उद्यमीलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमका लागि उद्यमी छनौट गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएका कागजातसहित तोकिएको ढाँचामा यस कार्यालयमा रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्तावसँग संलग्न राखुपर्ने कागजातहरु:**

१. अद्यावधिक रहेको उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०८१/८२ को करचुक्ता
३. अघिल्ला ५ बर्षमा कुनै पनि कार्यालयबाट अनुदान प्राप्त नगरेको स्वघोषणा
४. व्यावसायिक योजना
५. उद्योग संचालनमा रहेको व्यहोरा खुलाइ वडाको सिफारिस

**पुनश्च:** प्रस्तावको निवेदन कार्यालयमा उपलब्ध हुनेछ। छनौट भएका उद्यमीलाई अधिकतम एक लाख वा निजले माग गरेको प्रविधिको कुल ५० प्रतिशतसम्मको लागत कार्यालयले अनुदान दिई उपकरण उपलब्ध गराइनेछ।